गाउँपालिका कार्यपालिकाको कार्यालय ... दैलेख कर्णाली प्रदेश नेपाल

बैठक संख्या: ६६ मिति: २०८३।०४।५ समय: बिहान ८:०० बजे

आज मिति २०८३ साल श्रावण ५ गतेका दिन गुराँस गाउँपालिका दैलेखको ६६औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी.ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय पारित गरियो ।

तपसिल

श्री टोप बहादुर वि.सी. – गाउँपालिका अध्यक्ष
श्री शिवा कुमारी खड्का – गाउँपालिका उपाध्यक्ष
श्री न्वार्न बहादुर रावल – वडा अध्यक्ष वडा नं. १
श्री शेर बहादुर रावल – वडा अध्यक्ष वडा नं. २
श्री काशीराम शर्मा – वडा अध्यक्ष वडा नं. ३
श्री खड्क बहादुर शाही – वडा अध्यक्ष वडा नं. ४
श्री भुपेन्द्र बहादुर चन्द – वडा अध्यक्ष वडा नं. ५
श्री चन्द्र बहादुर राना – वडा अध्यक्ष वडा नं. ६
श्री नन्द बहादुर वि.सी. – वडा अध्यक्ष वडा नं. ७
श्री धिवेन्द्र पल्ली – वडा अध्यक्ष वडा नं. ८
श्री अमृता कुमारी वि.सी. – कार्यपालिका सदस्य
Binmal श्री विनी वि.क. – कार्यपालिका सदस्य
पमला श्री पाम्के वि.क. – कार्यपालिका सदस्य
श्री भुमिसरा पल्ली – कार्यपालिका सदस्य
श्री कुलविरे वि.क. – कार्यपालिका सदस्य
श्री सरक्रता कुमारी बुढा – कार्यपालिका सदस्य
श्री ओम प्रकाश देवकोटा – प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव
श्री हेक ब. नेपाली – आमन्त्रित को.वा. अध्यक्ष वडा नं. २

सहयोगी कर्मचारीहरु

श्री रमे ब० पुरी (मालिवालय सहयोगी
श्री खेमराज उपाध्याय
श्री लिला थापा

गाउँ कार्यपालिकाको कार्यालय
रानीताल, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

**कार्यपालिका बैठक संख्या नं. ६६** **स्थान: गाउँपालिका भवन** **मिति: २०८३/०४/२२**

**समय: विहान ०८:०० बजे**

**प्रस्तावहरु:**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. गाउँ सभा बैठकको समीक्षा सम्बन्धमा।
३. कानून निर्माण तथा स्वीकृति सम्बन्धमा।
४. सैद्धान्तिक सहमति सम्बन्धमा।
५. नेपाल सरकारसंग बजेट माग गर्ने सम्बन्धमा।
६. आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत सम्बन्धमा।
७. आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा।
८. कार्यक्रम तथा योजनाको Post Evaluation सम्बन्धमा।
९. स्वास्थ्य संस्थाको भवन पूर्णता दिने र भुक्तानी सहजीकरण सम्बन्धमा।
१०. विज्ञापन तथा निकासी करको ठेक्का सम्बन्धमा।
११. जीवन सुरक्षा कोष रकम संञ्चालन गर्ने सहकारीहरुको भेला आव्हानं सम्बन्धमा।
१२. स्वास्थ्य सेवा अन्तर्गतका कर्मचारी भर्ना सम्बन्धमा।
१३. अन्तर सरकार चक्रीय बैठक सम्बन्धमा।
१४. स्थानीय सहजीकरण समिति गठन सम्बन्धमा।
१५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रका सम्बन्धमा।
१६. भुक्तानी फरफारक प्रतिवेदन सम्बंन्धमा।
१७. पूर्ण सरसफाई तथा स्वच्छ वडा घोषणा सम्बंन्धमा।
१८. जग्गा तथा घरभाडा सम्बन्धमा।
१९. होर्डिङ्ग बोर्ड हटाउने सूचना जारी सम्बन्धमा।
२०. आयोजना माग सम्बन्धमा।
२१. बेरुजु व्यवस्थापन सम्बन्धमा।
२२. विद्यालय निर्माण सम्बन्धमा।
२३. विपद् व्यवस्थापन समितिको बैठकका निर्णय अनुमोदन सम्बन्धमा।
२४. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

CamScanner

**निर्णय नं. १**

गुराँस गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

गाउँसभाको १८औं अधिवेशन सञ्चालन तथा व्यवस्थापनमा खटिने कर्मचारी, जनप्रतिनिधि र नागरिक समाजलाई धन्यवाद दिने तथा गाउँपालिकाको निमन्त्रणा स्वीकार गरी सभाको गरिमा बढाउन उपस्थित कर्णाली प्रदेश प्रमुख श्री यज्ञराज जोशी, कर्णाली प्रदेश सरकारका तत्कालीन मन्त्री श्री विनोद कुमार शाह र राष्ट्रिय सभा सदस्य माननीय श्री मीना रकाल ज्यू प्रति आभार प्रकट गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

कार्यपालिकाको ६५औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित विधेयकलाई स्वीकृत गर्ने निर्णय गरियो।

१. न्यायिक समितिको न्याय सम्पादन निर्देशिका, २०८३
२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३
३. गुराँस गाउँपालिका रोजगार नीति, २०८३
४. उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८३
५. ग्रामीण सडक सम्भार कार्यकर्ता परिचालन कार्यविधि, २०८३
६. मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८३

तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

१. आलु मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
२. एक व्यवसायिक कृषक, एक सिँचाई पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
३. एक वडा, एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३
४. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
५. घाँस टुक्र्याउने मेशीन अनुदान वितरण कार्यविधि, २०८३
६. जनजाति सामुदायिक होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
७. पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
८. पूर्ण स्वरोजगारयुक्त गाउँपालिका घोषणा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३
९. प्राविधिक कर्मचारी फिल्ड सुबिधा सम्बन्धी कार्यविधि, २०८३
१०. भैंसी तथा जर्सी गाईपालक कृषकको भकारो सुधार योजना कार्यान्वयन कार्यविधि, २०८३
११. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
१२. श्रम रोजगार बैंक सञ्चालन कार्यविधि, २०८३
१३. होमस्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१४. सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

CamScanner

१५. गरीबसँग विश्वेश्वर कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

१६. मिनी औद्योगिक ग्राम निर्माण मापदण्ड, २०८३

**निर्णय नं. ४**

यस गाउँपालिकाको विकास र सेवा प्रवाहलाई चुस्त, प्रभावकारी र गुणस्तरीय बनाउन तपसीलका कार्यहरु गर्न परामर्श सेवा लिनका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो।

क) कार्यालय परिसरको सुन्दरता वृद्धि सहित प्रशासनिक भवनको तला थप, भण्डार शाखा, क्यान्टिन, महिला तथा जेष्ठ नागरिक विश्राम कक्ष, पानी भण्डार टंकी तथा शौचालय निर्माणको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी

ख) विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयको रंगरोगनको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी

ग) सरस्वती माध्यमिक विद्यालयको भौतिक संरचना निर्माण सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी

घ) मिनि औद्योगिकग्राम भौतिक संरचना निर्माण सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा प्रारंम्भिक वातावरणीय परीक्षण (IEE) तयारी

**निर्णय नं. ५**

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) आयोजना समन्वय इकाई, सिंहदरवार काठमाण्डौको मिति २०८३/०४/१८ गते, च.नं. २३ को पत्रानुसार स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत सञ्चालित आयोजनाहरूको विवरण उपलब्ध गराउन अनुरोध भएको सन्दर्भमा यस गुराँस गाउँपालिका बाट आ.व.२०८२/०८३ मा सञ्चालित आयोजनाहरूको माग गरिए बमोजिमको तपसील अनुसारको विवरण समावेश गरी पठाउने निर्णय गरियो।

क) एक घर एक धारा हाम्रो अविभारा, गुराँस-१, दैलेख

ख) एक घर एक धारा हाम्रो अविभारा, गुराँस-३, दैलेख

ग) भ्यूचुला बगौरा सडक पुनर्स्थापना तथा मर्मत सम्भार, गुराँस-६, दैलेख

घ) धरमपोखरा मुकुटक काफलमेला सडक पुनर्स्थापना तथा मर्मत सम्भार, गुराँस-८, दैलेख

**निर्णय नं. ६**

आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्नका लागि शाखा तथा वडाबाट प्राप्त कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा कार्यक्रम मिति २०८३ श्रावण ३०र ३१ गते शनिवार र आइतवार गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

विगत ३ आर्थिक वर्ष देखि यस गाउँपालिकाबाट अनुदानका रुपमा सञ्चालन तथा वितरण भएका कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन (Post Evaluation) गरी अर्को कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिलाई जिम्मेवारी दिने र सो समितिलाई वडा समिति र सम्बन्धित शाखाले सहयोग गर्ने

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

CamScanner

निर्णय गरियो । शाखाले विगत ३ वर्षको अनुदान सम्बन्धी विवरण तयार गरी समितिलाई उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस गाउँपालिकाको वार्ड नं २ मा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्रको सम्पन्न भवन र वार्ड नं. ८ मा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्रको अधुरो भवनको भुक्तानी नपाएको भनी निर्माण व्यवसायीबाट निवेदन प्राप्त भएकोले पूर्वाधार शाखाले स्थलगत अनुगमन गरी दिएको प्रतिवेदनका आधारमा थप कार्यको निर्माण र भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस गाउँपालिका क्षेत्रमा व्यवसायिक फर्म कम्पनीको तर्फबाट व्यवसायिक सामग्रीको प्रचार प्रसार गर्ने हेतुले राखेका होर्डङ्ग वोर्ड, डिजिटल सामग्री तथा पर्चा पम्पलेट गरी विज्ञापन गरे वापत लाग्ने करका लागि विज्ञापन कर र यस गाउँपालिका भएर निकासी हुने वस्तुको लागि निकासी करको ठेक्का बन्दोबस्तका लागि सूचना आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस गाउँपालिका क्षेत्र भित्र रहेका पालिका अनुदान तथा सोसेक नेपालको साझेदारीमा प्रति बालक जम्मा हुन गएको जीवन सुरक्षा कोषको रकमको उपयोगिता र अवस्थाका बारेमा मिति २०८३ भाद्र १६ गते भेला बोलाउने र सो भेलामा जोखिम कोष सञ्चालन गर्ने सहकारीलाई समेत उपस्थित गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस गाउँपालिका मातहत रहेका स्वास्थ्य संस्थाहरुमा रिक्त रहन गएको पालिका करार दरबन्दीका तपसीलका पदहरुमा पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

| सि नं | पद | माग पदसंख्या | कैफियत |
|---|---|---|---|
| १ | मेडिकल अफिसर | १ | |
| २ | स्टाफ नर्स | १ | |
| ३ | अहेब | १ | |
| ४ | अनमी | १ | |
| ५ | ल्याब असिष्टेण्ट | १ | |

त्यसैगरी, कार्यपालिकामा रिक्त रहन गएको Back Hoe Loader Operator पदको पदपूर्ति गर्न समेत अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस जिल्लामा रहेका संघ र प्रदेश मातहतका कार्यालय तथा स्थानीय तह बीच समन्वय, सहकार्य र असल अभ्यास आदान प्रदान गर्न मिति २०८३ श्रावण १९ गते दुल्लु नगरपालिकामा बसेको प्रथम बैठकको निर्णयानुसार आगामी दोस्रो चक्रीय बैठक २०८३ असोज महिनाको तेस्रो हप्ता यस गाउँपालिकामा बस्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को दफा ४(१) बमोजिम तपसील अनुसारको स्थानीय भूमि समस्या सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसील:

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

क) गाउँपालिका अध्यक्ष-संयोजक

ख) गाउँपालिका उपाध्यक्ष- उपसंयोजक

ग) गाउँपालिका भित्र रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका १/१ जना प्रतिनिधि- सदस्य

घ) कार्यपालिका सदस्य श्री अमृता बि सी- सदस्य

ङ) कार्यपालिका सदस्य श्री बिर्मा वि क -सदस्य

च) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

त्यसैगरी दफा ४ (२) बमोजिम वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति १५ दिन भित्र गठन गर्न वडा समितिलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १५**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न समयमा यस गाउँपालिकालाई सोधनी भएका वडा नं ३ सिंचाई कुलो, कृषि अनुदान र झ्याझे भ्यूचुला खानेपानी आयोजना सम्बन्धीका पत्रका बारेमा बैठकलाई जानकारी गराइयो र आगामी दिनमा कानूनी शासन, पारदर्शिता, वित्तीय सुशासन र नागरिकको विश्वसनीयता कायम हुने गरी कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने प्रतिवद्धता जनाउने निर्णय गरियो।

**निर्णय नं. १६**

आर्थिक वर्ष २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सञ्चालित योजना/कार्यक्रमहरू निर्माण/कार्यान्वयन कार्य सम्पन्न भई प्राविधिक मूल्याङ्कन, अनुगमन समितिको प्रतिवेदन, वडा कार्यालयको सिफारिस तथा सार्वजनिक परीक्षण प्रतिवेदन सहित अन्तिम भुक्तानी/फरफारकका लागि कार्यालयमा पेश भएको निर्माण योजनाको प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश हुन आएको योजना तथा कार्यक्रम फरफारक सम्बन्धी वार्षिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

यस गाउँपालिका वार्ड नं ८ को कार्यालयको अनुरोधमा मिति २०८३ भाद्र ११ गते राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता नीति, २०८० बमोजिम पूर्ण सरसफाई तथा स्वच्छ वडा घोषणा गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

आर्थिक वर्ष २०८३/८४ का लागि यस गाउँपालिकाले विगत देखि भाडामा लिइएका जग्गा तथा गाउँपालिकाको प्रशासनिक भवन सानो र साँघुरो भएकोले कार्यालय प्रयोजनका लागि भाडामा लिइएका घरहरु, विपद् सामाग्री गोदाम घर, सामुदायिक स्वास्थ्य ईकाइ, आधारभूत स्वास्थ्य सेवा केन्द्र, औषधी गोदाम, प्रहरी कार्यालय, गाउँघर क्लिनिक तथा खोपकेन्द्रका लागि भाडामा लिइएका घरहरुलाई पुनः भाडामा लिन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. १९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विज्ञापन नियमित गर्ने ऐन, २०७६ को दफा ४ बमोजिम कुनै पनि व्यक्ति संस्था निकाय कम्पनीले होर्डिङ्ग वोर्डबाट विज्ञापन गर्दा गाउँपालिकासंग कुनै पनि अनुमति लिएको अभिलेखबाट देखिन नआएकोले ग्रामीण सुन्दरतालाई ध्यानमा राखी गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक तथा निजी घरका छत तथा जमिनमा रहेका सबै होर्डिङ्ग वोर्ड सूचना प्रकाशनको मितिले २१ दिन भित्र हटाउने निर्णय गरियो।

**निर्णय नं.२०**

यस गाउँपालिकाको वार्ड नं २ निर्माणाधीन अधुरो रहेको ६५ घर धुरीलाई सेवा दिने उदेश्यको तल्लो डुंगेश्वर खानेपानी आयोजना सम्पन्न गर्न हेल्भेटास (HELVETAS) नेपाललाई अनुरोध गर्ने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.२१**

यस गाउँपालिकाको अन्तिम लेखापरीक्षणका क्रममा जनिएको बेरुजुको अध्ययन गरी अशुल उपर र पेश्की बेरुजुको लगत तयार गरी पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत आन्तरिक लेखा परीक्षण शाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.२२**

संघीय सशर्त अनुदान तर्फ स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यायलय पूर्वाधार विकास कार्यक्रममा रु ३० लाख विनियोजन भई आएकोले यस आर्थिक वर्षको बजेट तथा कार्यक्रममा पालिकाको तर्फबाट पनि साझेदारी रकम विनियोजन गरिएकोले यस गुराँस गाउँपालिका वार्ड नं ३, पातिकाल्नामा रहेको श्री **सरस्वती माध्यमिक विद्यालय**को लागि भवन निर्माण गर्न निर्णय गरियो।

**निर्णय नं.२३**

गुराँस गाउँपालिका विपद् व्यवस्थापन समितिको हालसम्मको बैठक संख्या- ५ र निर्णय संख्या- १६ अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.२४**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) यस गाउँपालिका वार्ड नं. ८ का वडा अध्यक्ष तथा गाउँपालिकाका प्रवक्ता श्री दिपेन्द्र वलीको हजुरआमा वर्ष ९७ को सुशिला वलीको २०८३ श्रावण ११ गते हुन गएको असामयिक निधन प्रति गाउँपालिकाको तर्फ हार्दिक समेवदना व्यक्त गर्ने।

(ख) गाउँपालिका कार्यपालिकाको बैठक चक्रीय रुपमा प्रत्येक वडामा गर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत